# नेपाल चिकित्सक संघ, केन्द्रीय निर्वाचन समितिको
## निर्वाचन सम्बन्धी
## सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०६/०३)

नेपाल चिकित्सक संघको विधान, २०४७ (संशोधन सहित) र नेपाल चिकित्सक संघ, निर्वाचन नियमावली, २०७० (संशोधन सहित) बमोजिम नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समितिका लागि अध्यक्ष-१ (एक), वरिष्ठ उपाध्यक्ष-१ (एक), उपाध्यक्ष-७ (सात) (प्रत्येक प्रदेशबाट १-१ जना प्रादेशिक संयोजक समेत रहने गरी), महासचिव-१ (एक), कोषाध्यक्ष-१ (एक), सह-सचिव-१ (एक), सह-कोषाध्यक्ष-१ (एक) सदस्य-६ (छ) समेत गरी १९ (उन्नाईस) जना र नेपाल चिकित्सक संघ परिषद् सदस्य-६० (साठी) जनाको लागि हुने निर्वाचन सम्बन्धी कार्यक्रम www.nma.org.np मार्फत प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैका लागि यो सूचना गरिएको छ ।

द्रष्टव्य:-

(क) निर्वाचनमा सहभागी हुन चाहनु हुने चिकित्सहरुले मिति २०७९ मंसिर १७ गते भित्र नेपाल चिकित्सक संघको केन्द्रिय कार्यालय वा शाखा कार्यालयहरुमा आजीवन सदस्यता लिएको हुनु पर्नेछ । तोकिएको समयावधि पछि संघको सदस्यता लिनु भएका चिकित्सकहरुलाई निर्वाचनमा सहभागी गराईने छैन ।

(ख) संघका साधारण सदस्यहरु (नेपाली नागरिक) ले समेत तोकिएको समयावधिभित्र संघको आजीवन सदस्यता लिएको हुनु पर्नेछ ।

(ग) नेपाल चिकित्सक संघको आजीवन सदस्यता नभएका चिकित्सकले निर्वाचनमा मतदाता हुन पाउने छैन ।

(घ) संघका शाखा कार्यालयहरुले मिति २०७९ मंसिर १८ गते भित्र सदस्यहरुको नामावली निर्वाचन समितिको कार्यालयमा पठाई सक्नु पर्नेछ । सो पछि प्राप्त नामावलीलाई निर्वाचनमा सहभागी गराईने छैन ।

(ङ) संघको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरुमा मिति २०७९ मंसिर १७ गते भित्र आजीवन सदस्यता लिनु भएका चिसित्कहरुको नामावली नेपाल चिकित्सक संघ, केन्द्रीय कार्यकारिणी समितिले केन्द्रीय निर्वाचन समितिलाई मिति २०७९ मंसिर २६ भित्र उपलब्ध गराउनु पर्नेछ ।

(च) निर्वाचन सम्बन्धी थप कार्यक्रमहरु www.nma.org.np मार्फत प्रकाशनको व्यवस्था गरिएको छ ।

डा. धनबहादुर राना मगर
प्रमुख निर्वाचन अधिकृत